# स्थानीय राजपत्र

इन्द्रसरोवर गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ५ संख्या ९ मिति २०७८-०६-२७ गते

## भाग २

### बालक्लब गठन तथा परिचालन कार्यविधि -२०७८

**कार्यपालिकाबाट स्वीकृत मिति२०७८/०६/२२ गते**

बालबालिकाको सुरक्षा, संरक्षण, विकास र सहभागिता अभिवृद्धि गर्दै बालअधिकारको सम्मान, पालना, सम्वर्द्धन, परिपूर्ति एवं बालमैत्री स्थानीय तह निर्माण गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्न बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, नेपालको संविधान, प्रचलित बालबालिका सम्बन्धी विद्यमान कानुनहरु तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले परिकल्पना गरेको विषयहरुलाई कार्यान्वयन गर्न वाञ्छनिय भएकोले इन्द्रसरोवर गाउँपालिकाले बालक्लब गठन तथा परिचालन कार्यविधि, २०७८ तर्जुमा गरी लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम “इन्द्रसरोवर गाउँपालिकाको बालक्लब गठन तथा परिचालन कार्यविधि - २०७८” रहेको छ ।

(२). यो कार्यविधि इन्द्रसरोवर गाउँपालिकाको राजपत्रमा प्रकाशन भएपछि इन्द्रसरोवर गाउँपालिका क्षेत्रभर लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

**(क) "कार्यविधि"** भन्नाले इन्द्रसरोवर गाउँपालिकाको बालक्लब गठन तथा परिचालन कार्यविधि - २०७८ सम्झनुपर्छ ।

**(ख) "पदाधिकारी"** भन्नाले यस गाउँपालिकाका सवै वडामा गठन गरिने सामुदायिक बिद्यालय स्तरीय बालक्लब, प्रत्येक वडाहरुमा गठन गरिने वडा स्तरीय बालक्लब सञ्जाल र गाउँपालिका स्तरीय बालक्लब सञ्जालको अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सहसचिव सम्झनुपर्छ ।

**(ग) "कार्यकारी सदस्य"** भन्नाले वडा स्तरीय तथा गाउँपालिका स्तरीय कार्यकारी समितिका सदस्य सम्झनुपर्दछ ।

**(घ) "साधारण सदस्य"** भन्नाले वडा स्तरीय बालक्लब सञ्जालमा सूचिकृत सम्बन्धित वडाभित्रका १८ वर्ष पुरा नगरेका सबै बालबालिका सम्झनुपर्छ ।

**(ङ) "सल्लाहकार समिति"** भन्नाले प्रत्येक क्लबको कार्यक्षेत्र भित्रका सम्बन्धित वडा कार्यालयले तोकेको टोल विकास संस्थाका बढीमा दुई जना अध्यक्ष सहित बालक्लबले मनोनयन गरेका अठार वर्ष उमेर पूरा भएका तीन जना महिला सहितको प्रतिनिधित्व रहने गरी कार्यविधिको. नियम १८ बमोजिम गठन हुने पाँच सदस्यीय क्लबको सल्लाहकार समितिलाई सम्झनुपर्छ, र सो शब्दले आवश्यकता अनुसार गाउँपालिका स्तरीय बालक्लब सञ्जालको सल्लाहकार समिति समेत सम्झनुपर्छ ।

**(च) "गाउँपालिका"** भन्नाले इन्द्रसरोवर गाउँपालिका तथा मातहातका वडा कार्यालय समेतलाई सम्झनुपर्छ ।

**(छ) "बालक्लब"** भन्नाले कार्यविधि बमोजिम गठन हुने/गरिने समुदाय र सामुदायिक बिद्यालय स्तरीय बालक्लब, प्रत्येक वडाहरुमा गठन गरिने वडा स्तरीय बालक्लब सञ्जाल र गाउँपालिका स्तरीय बालक्लब सञ्जाल समेत सम्झनुपर्दछ ।"

**(ज) "अध्यक्ष"** भन्नाले कार्यविधि बमोजिम गठन हुने/गरिने समुदाय र सामुदायिक बिद्यालय स्तरीय बालक्लब, प्रत्येक वडाहरुमा गठन गरिने वडा स्तरीय बालक्लब सञ्जाल र गाउँपालिका स्तरीय बालक्लब सञ्जालको अध्यक्ष समेत सम्झनुपर्छ ।

**(झ) "कार्यकारी समिति"** भन्नाले समुदाय र सामुदायिक बिद्यालय स्तरीय बालक्लब, वडा स्तरीय बालक्लब सञ्जालको पदाधिकारी सहितको **९ देखी १३** सदस्यीय समिति तथा गाउँपालिका स्तरीय बालक्लब सञ्जालको **९ देखी ११** सदस्यीय समिति समेत सम्झनुपर्छ।

**(३) क्लब गठनका लागि सूचना प्रवाह गर्नुपर्नेः**

यो कार्यविधि लागु भएपछि पहिलो पटकका लागि गाउँपालिकाका सम्बन्धित वडा कार्यालयहरुले कम्तीमा १५ दिन अगावै आफ्नो क्षेत्रभित्र सोह्र वर्ष मुनिका बालबालिकाहरु मात्र सम्मिलित क्लब गठन गर्ने मिति, समय, स्थान तथा अन्य आवश्यक कुराहरु खुलाई स्थानिय सञ्चार माध्यम समेतबाट सूचना प्रवाहको व्यवस्था मिलाउनु पर्नेछ ।

**(४) बालक्लब गठन गर्नुपर्नेः**

नियम ३ बमोजिम उल्लेखित मिति, समय र स्थानमा पहिलो पटकका लागि बालक्लब गठन गर्न सम्बन्धित वडाको वडाअध्यक्ष र सम्बन्धित वडाको कम्तीमा १ जना महिला वडा सदस्यको अनिवार्य उपस्थितिमा उपस्थित बालबालिकाहरुको प्रतिनिधित्व हुने गरी समावेशीता समेतलाई सम्बोधन गर्दै सर्वसम्मत हुने गरी **९ देखि १३** जनाको कार्यकारी समिति गठन गर्नुपर्नेछ।

*पुनश्चः यस अघि गठन भइसकेका बालक्लब तथा बालक्लब सञ्जालहरुको हकमा भने यस कार्यबिधि कार्यान्वयन भएपश्चात् यसै कार्यबिधि अनुसार गठन भएको मानिनेछ ।*

**(५) क्लब दर्ता तथा नवीकरणः**

कार्यविधिको नियम ४ बमोजिम गठन हुने प्रत्येक बालक्लब, वडा स्तरीय बालक्लब सञ्जाल र गाउँपालिका स्तरीय बालक्लब सञ्जालको दर्ता तथा नविकरण क्रमश. अनुसूचि १ बमोजिमको ढाँचा बमोजिम गाउँपालिका कार्यालयले गर्नुपर्दछ ।

**(६) वार्षिक साधारण सभा र नेतृत्व चयनः**

(१) सम्बन्धित वडा कार्यालय तथा गाउँपालिकाको कार्यालयसँग समन्वय गरी प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ३५ दिनभित्र कम्तिमा ७ दिन अगावै वडा स्तरीय बालक्लब सञ्जालको साधारण सभा बोलाउने ब्यवस्था गाउँपालिका स्तरीय बालक्लब सञ्जालका अध्यक्षले गर्नुपर्नेछ । साथै सम्पर्ण वडा स्तरमा क्रियाशील बालक्लबहरु तथा वडास्तरीय बालक्लब सञ्जालहरुको अधिवेशन कार्यक्रम सम्पन्न भएको १५ दिन भित्र गाउँपालिका स्तरीय बालक्लब सञ्जालको साधारण सभा र अधिवेशन सकाउनु पर्नेछ । सामुदायिक बिद्यालय स्तरमा रहेका बालक्लबहरुको हकमा भने नयाँ शैक्षिक सत्रको शुरुवातमै अधिवेशन गरी नेतृत्व चयन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम वार्षिक सभा नबोलाइएको अवस्थामा सम्बन्धित वडाका वडाअध्यक्षले ७ दिनभित्र सम्बन्धित क्लबको वार्षिक साधारण सभा बोलाई दिनुपर्नेछ ।

(३) वार्षिक साधारण सभाको गणपुरक संख्या कुल सदस्य संख्याको ५१ प्रतिशत हुनेछ।

(४) वार्षिक साधारण सभाको अध्यक्षता क्लबको अध्यक्षले गर्नेछ । र अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ । क्लबको अध्यक्ष र उपाध्यक्ष दुवै अनुपस्थित भएमा उपस्थित बहुमत सदस्यहरुले छानेको सदस्यले वार्षिक सााधारण सभाको अध्यक्षता गर्नेछ ।

(५) वार्षिक साधारण सभाले प्रत्येक आर्थिक वर्षका लागि पदाधिकारी र कार्यकारी सदस्य सहितको नेतृत्व चयन गर्नेछ र यसरी नेतृत्व चयन गर्दा विगतका बालक्लब तथा बालक्लब सञ्जालमा बसेको व्यक्ति पुनः पदाधिकारी तथा कार्यकारी सदस्यमा दोहोरिन पाउने छैन ।

(६) उपनियम ५ बमोजिम नेतृत्व चयन गर्दा नियम ३ मा उल्लेख गरिए बमोजिमको पदाधिकारीहरुको रोहवरमा सोही नियममा उल्लेखित प्रावधानको अवलम्बन गरिएको क्लबको **९ देखी १३** सदस्यीय नयाँ कार्यकारी समिति चयन गनुपर्नेछ ।

**(७) कार्यकारी समितिः**

(१) प्रत्येक बालक्लबमा एक कार्यकारी समिति रहनेछ ।

(२) कार्यकारी समितिको बैठक कम्तीमा हरेक महिनामा एक पटक बस्नेछ ।

(३) कार्यकारी समितिको वैठकमा कार्यकारी समितिमा तत्काल कायम रहेका सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) कार्यकारी समितिको बैठकको निर्णय सर्वसम्मतिबाट हुनेछ ।

(५) उपनियम ४ बमोजिम सर्वसम्मतिबाट निर्णय हुन नसकेमा कार्यकारी समितिमा तत्काल कायम रहेको सदस्य संख्याको बहुमत सदस्यबाट गरेको निर्णय कार्यकारी समितिको निर्णय हुनेछ ।

(६) वार्षिक साधारण सभा गर्ने भनी कार्यविधिमा स्पष्ट व्यवस्था भएकोमा बाहेक बालक्लबबाट सम्पादन हुने काम कारबाही बालक्लबको कार्यकारी समितिले गनेछ ।

(७) कार्यकारी समितिको बैठकमा सम्बन्धित वडाको १ जना प्रतिनिधिलाई अनिवार्य आमन्त्रण गर्नुपर्नेछ ।

**(८) अभिलेख राखी दिनुपर्नेः**

प्रत्येक बालक्लबले आफ्नो काम कारबाही व्यवस्थित र पारदर्शी गर्नका लागि तयार गरेका देहाय बमोजिमका अभिलेखहरु इन्द्रसरोवर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय महिला तथा बालबालिका शाखाले अद्यावधिक राखि दिनुपर्नेछः-

(क) सदस्य दर्ता अभिलेख,

(ख) साधारण सभा र कार्यकारी समितिसँग सम्बन्धित सम्पूर्ण अभिलेख,

(ग) गाउँपालिकाले तोकेको अन्य आवश्यक कुराहरु ।

**(९) बालक्लबको सदस्यता प्राप्ती र निलम्बनः**

(१) बालक्लबको कार्य क्षेत्रभित्रका प्रत्येक घरघुरीका १८ वर्ष पुरा नगरेका बालबालिकाले बालक्लबको सदस्यता लिन चाहेमा बालक्लबको कार्यकारी समितिले आफ्नो कार्य क्षेत्रभित्रको बालबालिका भए नभएको यकीन गरी कार्य क्षेत्रभित्रको भए साधारण सदस्यमा सूचिकृत गनुपर्नेछ ।

(२) कायविधि विपरीत कार्य गर्ने बालक्लबको कुनै पनि सदस्यलाई बालक्लबको कार्यकारी समितिको बहुमत सदस्यले निर्णय गरी बढीमा छ महिनासम्मका लागि सदस्य पदबाट निलम्बन गर्न सक्नेछ ।

**(१०) बालक्लबको काम, कर्तव्य र अधिकारः**

यस कार्यविधिको अन्यत्र नियममा उल्लेख गरिएका काम, कर्तव्य र अधिकारका अलावा प्रत्येक बालक्लबको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) बालक्लबमा आबद्ध सदस्य सहित १८ वर्ष पुरा नगरेका सबै बालबालिकाहरुको क्षमता विकास अभिवृद्धि हुने खालका हाजिरी जवाफ वक्तृत्वकला , निबन्ध लेखन, साहित्यिक गतिविधि आदि सञ्चालन गर्ने ।

(ख) विद्यालय भर्ना हुने उमेर समूहका बालबालिकाहरु विद्यालय भर्नाबाट वञ्चित रहे नरहेको बारेमा निरन्तर अनुगमन गर्ने र विद्यालय नगएका बालबालिकालाई विद्यालय भर्ना गर्नका लागि सम्बन्धित वडा कार्यालयसँग समन्वय गरी विद्यालय भर्ना गर्ने व्यवस्था मिलाउने ।

(ग) गाउँपालिका तथा आफ्नो वडाभित्रका टोल विकास संस्थाहरुले सञ्चालन गर्ने जनचेतना मूलक कार्यमा सक्रिय सहभागिता जनाउने ।

(घ) बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि निर्धारित सूचकहरु कार्यान्वयनमा सदैव अग्रसर रही बालमैत्री इन्द्रसरोवर गाउँपालिका निर्माण अभियानमा गाउँपालिकालाई निरन्तर सहयोग गर्ने ।

(ङ) पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता, पूर्ण सरसफाई आदि अभियानमा गाउँपालिका तथा टोल विकास संस्थाहरुलाई सहयोग गर्ने ।

(च) इन्द्रसरोवर गाउँपालिकालाई मुलुककै नमुना गाउँपालिकाको रुपमा स्थापना गर्ने तर्फ सदैव अग्रसर रहने र गाउँपालिकालाई सहयोग गर्ने।

(छ) आफ्नो वडालाई शैक्षिक बन्द, हड्ताल निशेधित क्षेत्र तोक्न व्यवस्था मिलाउने ।

(ज) बालक्लबले आफूलाई प्राप्त जिम्मेवारी कार्यान्वयन गर्न कार्यकारी सदस्यको संयोजकत्वमा बढिमा ५ जना साधारण सदस्यहरु सम्मिलित उपसमितिहरु गठन गर्न सक्ने ।

(झ) गाउँपालिकाले तोकेका अन्य कार्यहरु गर्ने गराउने ।

**(११) अध्यक्षको काम, कर्तव्य र अधिकारः**

यस कार्यविधिको अन्यत्र नियममा उल्लेख गरिएको काम , कर्तव्य र अधिकारको अलावा प्रत्येक बालक्लबको अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) वार्षिक साधारण सभा र कार्यकारी समितिको बैठक बोलाउने र बैठकको अध्यक्षता गर्ने,

(ख) वार्षिक साधारण सभा र कार्यकारी समितीको बैठकको कार्यसुचि तथा प्रस्ताव पेश गर्ने गराउने ।

(ग) गाउँसभा, गाउँपालिका एवं बालक्लबको साधारण सभा र कार्यकारी समितिको निर्णय कार्यान्वयन गर्ने गराउने सदैव तत्लीन रहने ।

(घ) कार्यकारी समितिको कामको सामान्य रेखदेख, निर्देशन र नियन्त्रण गर्ने ।

(ङ) बालक्लबको प्रतिनिधित्व एकल रुपमा गर्नुपर्ने भएमा सो कार्य गर्ने ।

(च) साधारण सभा र कार्यकारी समितिले तोकेका अन्य काम गर्ने ।

**(१२) उपाध्यक्षको काम, कर्तत्य र अधिकारः**

प्रत्येक बालक्लबको उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) अध्यक्षको अनुपस्थितिमा नीजको कार्यभार समाल्ने

(ख) बालक्लबका सदस्यहरुलाई तोकिएको काममा सहजीकरण र समन्वय गर्ने

(ग) साधारण सभा र कार्यकारी समितिले तोकेका अन्य काम गर्ने

**(१३) सचिवको काम, कर्तव्य र अधिकारः**

प्रत्येक बालक्लबको सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) साधारण सभा र कार्यकारी समितिको सचिवको रुपमा काम गर्ने

(ख) साधारण सभा र कार्यकारी समितिको निर्णयको अभिलेख सम्बन्धित वडा सचिवलाई बुझाउने ।

(ग) अध्यक्षको निर्देशनमा साधारण सभा र कार्यकारी समितिको बैठकको लागि पत्राचार गर्ने ।

(घ) साधारण सभा र कार्यकारी समितिले तोकेका अन्य काम गर्ने ।

**(१४) कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः**

प्रत्येक बालक्लबको कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) बालक्लबमा आबद्ध सदस्यहरुले स्वेच्छाले संकलित कोषको हिसाब तथा अभिलेख दुरुस्त राख्ने

(ख) बालक्लबबाट संचालित कार्यक्रमहरुको अभिलेख राख्ने।

(ग) साधारण सभा र कार्यकारी समितिले तोकेका अन्य काम गर्ने ।

**(१५) सहसचिवको काम, कर्तव्य र अधिकारः**

प्रत्येक बालक्लबको सहसचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) सचिवको अनुपस्थितिमा निजको कार्यभार सम्हाल्ने ।

(ख) साधारण सभा र कार्यकारी समितिले तोकेका अन्य काम गर्ने ।

**(१६) कार्यकारी सदस्यको काम ,कर्तव्य र अधिकारः**

प्रत्येक बालक्लबको कार्यकारी सदस्यको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

(क) कार्यकारी समितिको बैठकमा भाग लिई निर्णय प्रकृियामा सकृिय सहभागिता जनाउने।

(ख) साधारण सभा र कार्यकारी समितिले तोकेका अन्य काम गर्ने ।

**(१७) साधारण सदस्यको काम ,कर्तव्य र अधिकारः**

कार्यविधिको नियम ९ को उपनियम (१) बमोजिम क्लबमा आबद्व साधारण सदस्यको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) वार्षिक साधारण सभामा भाग लिई निर्णय प्रकृियामा सकृिय सहभागिता जनाउने ।

(ख) आफ्नो क्षेत्रभित्र संचालित कार्यक्रम कार्यान्वयनमा क्लबलाई रचनात्मक सल्लाह सुझाव सहित निरन्तर सहयोग गर्ने ।

(ग) साधारण सभा र कार्यकारी समितिले तोकेका अन्य काम गर्ने ।

**(१८) सल्लाहकार समितिको गठनः**

(१) प्रत्येक वडा स्तरीय बालक्लब सञ्जालमा वडाले तोकेको एक सल्लाहाकार समिति रहनेछ । तर पहिलो पटक बालक्लबको कार्यकारी समितिसँगै गठित सल्लाहकार समिति यसै कार्यविधि बमोजिम गठन भएको मानिनेछ ।

(२) गाउँपालिका स्तरीय बालक्लब सञ्जालको सल्लाहकार समितिमा गाउँ कार्यपालिकाले तोकेका अठार वर्ष उमेर पूरा भएका बढीमा पाँच जना सदस्य रहेको एक समिति रहनेछ।

**(१९) सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

(१) बालक्लबले सम्पादन गरिरहेका क्रियाकलपहरुको बारेमा क्लबलाई सल्लाह, सुभाव र मार्गदर्शन गर्ने र सोको जानकारी गाउँपालिकालाई समेत गराउने ।

(२) गाउँपालिकाले तोकेको अन्य काम गर्ने ।

**(२०) प्रतिवेदन र पुरस्कारः**

(१) सम्बन्धित वडा कार्यालयले आफ्नो वडाको बालक्लबहरुबाट सम्पादित क्रियाकलापहरुको प्रतिवेदन तोकिए बमोजिमको ढाँचामा चौमासिक रुपमा गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त प्रतिवेदनका आधारमा गाउँपालिकाको प्रत्येक आर्थिक वर्षमा सबैभन्दा उत्कृष्ट र सिर्जनात्मक कार्य सम्पादन गर्ने एउटा बालक्लबलाई क्षमता बिस्तार तथा सुदृढीकरणका लागि प्रोत्साहन स्वरुप प्रत्येक वडामा उत्कृट १ र वडामा उत्कृट भएका मध्येबाट पालिकास्तरमा १ बालक्लबलाई उत्कृट घोषणा गरी पुरस्कृत गरिनेछ।

**(२१) गाउँपालिका स्तरीय बालक्लब सञ्जालको गठन , काम, कर्तव्य र अधिकारः**

(१) कार्यविधि बमोजिम प्रत्येक वडामा गठन हुने वडा स्तरीय बालक्लबहरुको कार्यकारी समितिबाट तीन/तीन जना पदाधिकारीको प्रतिनिधित्व रहने गरी एकजना अध्यक्ष १ जना, उपाध्यक्ष १ जना, सचिव १ जना, सहसचिव १ जना, कोषाध्यक्ष १ जना र अन्य बढीमा १० जना कार्यकारी सदस्यसहित बढीमा १५ सदस्यीय एक गाउँपालिका स्तरीय बालक्लब सञ्जालको गठन गाउँ कार्यपालिकाले तोकेको कार्यपालिका सदस्यको उपस्थितिमा हुनेछ ।यसरी गठित गाउँपालिका स्तरीय बालक्लब सञ्जालको दर्ता तथा नवीकरण अनुसूची २ बमोजिमको ढाँचामा गाउँ कार्यपालिकाको कार्यलयमा गर्नुपर्नेछ ।

(२) एक पटक गाउँपालिका स्तरीय बालक्लब सञ्जालको अध्यक्ष भएको व्यक्ति पुनः अध्यक्ष पदमा नदोहोरिने गरी प्रत्येक वर्ष उपनियम (१) मा उल्लेखित प्रक्रिया अवलम्बन गरी गाउँपालिका स्तरीय बालक्लब सञ्जालको पुर्नगठन गर्नु पर्नेछ ।

**(३) गाउँपालिका स्तरीय बालक्लब सञ्जालको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

(क) प्रत्येक समुदाय र सामुदायिक बिद्यालयमा गठन भएका बालक्लब र वडा स्तरीय बालक्लब सञ्जालमा आवद्ध सदस्य सहित सोह्र वर्षमुनिका सबै बालबालिकाहरुको क्षमता विकास अभिवृद्धि हुने खालका गाउँपालिका स्तरीय हाजिरी जवाफ ,वक्तृत्वकला, निबन्ध लेखन, साहित्यिक गतिविधि आदि संचालन गर्ने ।

(ख) गाउँपालिका क्षेत्रभित्र विद्यालय भर्ना हुने उमेर समूहका बालबालिकाहरु विद्यालय भर्नाबाट वञ्चित रहे नरहेको बारेमा निरन्तर अनुगमन गर्ने र विद्यालय नगएका बालबालिकालाई विद्यालय भर्ना गर्नका लागि सम्वन्धित गाउँपालिकाका संबन्धित वडा कार्यालय एवं गाउँ कार्यपालिकाको कार्यालयसँग आवश्यक समन्वय गरी विद्यालय भर्ना

व्यवस्था मिलाउने । बालश्रम, बालिववाह लगायतका समाजिक कुरिती रोक्न गाउँपालिकालाई निरन्तर सहयोग गर्ने ।

(ग) गाउँपालिका तथा प्रत्येक वडाभित्रका टोल विकास संस्थाहरुले संचालन गर्ने जनचेतानमूलक कार्यमा सक्रिय सहभागिता जनाउने ।

(घ) बालमैत्री स्थानीय शासन अबलम्वनका लागि निर्धारित सुचकहरु कार्यान्वयनमा सदैव अग्रसर रही बालमैत्री इन्द्रसरोवर गाउँपालिका निर्माण अभियानमा गाउँपालिकालाई निरन्तर सहयोग गर्ने ।

(ङ) पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता, पूर्ण सरसफाई आदि अभियानमा गाउँपालिका तथा टोल विकास संस्थाहरुलाई सहयोग गर्ने ।

(च) इन्द्रसरोवर गाउँपालिकालाई मुलूककै नमुना गाउँपालिकाको रुपमा स्थापना गर्न सदैव अग्रसर रहने । (छ) गाउँपालिकालाई शैक्षिक बन्द हडताल निषेधित क्षेत्र तोक्ने व्यवस्था मिलाउने ।

(ज) गाउँपालिकाले तोकेका अन्य कार्यहरु गर्ने गराउने।

(झ) (६) (१) अनुसार गर्नु पर्नेछ ।

**(२२) बालक्लबको कार्यकारी समितिको निलम्बन वा खारेजीः**

(१) देहायका उल्लेखित कुनै पनि अवस्थामा सम्बन्धित वडा समितिले वडा स्तरीय बालक्लब सञ्जालको कार्यकारी समितिलाई अर्को व्यवस्था नहुञ्जेल सम्मको लागि निलम्बन वा खारेजी गर्न सक्नेछ,

(क) कार्यविधिमा उल्लेखित समयावधिमा वार्षिक साधारण सभा वा कार्यकारी समितिको बैठक नबसेमा,

(ख) कार्यविधिमा उल्लिखित प्रावधान विपरीतको कार्य गरेको प्रमाणित भएमा,

(ग) गाउँपालिकाले दिएको निर्देशनको बारम्बार उल्लघंन गरेमा,

(२) उपनियम (१) बमोजिम कुनै पनि बालक्लबको कार्यकारी समितिलाई निलम्वन वा खारेजी गर्नु अघि वडा समितिले उक्त बालक्लबको कार्यकारी समितिलाई ७ दिनको म्याद दिई सफाई पेश गर्ने मौका दिनेछ ।

(३) उपनियम (२) बमोजिमको समयावधिमा बालक्लबको कार्यकारी समितिले चित्तबुझ्दो सफाई पेश गरेको वडा समितिलाई लागेमा वडा समितिले बालक्लबको कार्यकारी समिति निलम्वन वा खारेजी प्रक्रियालाई स्थगन गर्न सक्नेछ ।

(४) उपनियम (१) बमोजिम कुनै पनि बालक्लबको कार्यकारी समिति खारेजी भएमा सम्बन्धित वडाले कार्यविधिको दफा ४ बमोजिमको प्रक्रिया अवलम्बन गरी बालक्लबमा

सूचिकृत सदस्यहरुको भेलाबाट पुनः बालक्लबको नयाँ कार्यकारी समिति गठन गर्नुपर्दछ।

(५) गाउँपालिका स्तरीय बालक्लब सञ्जालको कार्यकारी समितिको निलम्बन वा खारेजीको हकमा उपनियम (१) को खण्ड (क),(ख) र (ग) मा उल्लिखित प्रावधान बमोजिम कार्य गरेको भनी कार्यपालिकालाई लागेमा उपनियम (२) र (३) बमोजिमको प्रक्रिया कार्यपालिकाले अबलम्बन गरी बालक्लब सञ्जालको निलम्बन वा खारेजीको प्रक्रियाका बारेमा कार्यपालिकाले उपयुक्त निर्णय लिन सक्नेछ । तर, वडा स्तरीय बालक्लब सञ्जाल उपनियम (१) बमोजिम निलम्बन वा खारेजी भएको अवस्थामा उक्त बालक्लब सञ्जालबाट गाउँपालिका स्तरीय बालक्लब सञ्जालमा प्रतिनिधित्व गर्ने पदाधिकारीको पद रिक्त भएको मानिनेछ र उपनियम (४) बमोजिम सम्बन्धित बालक्लब सञ्जालले पूर्णता पाएपछि उक्त बालक्लब सञ्जालबाट गाउँपालिकास्तरीय बालक्लब सञ्जालमा रिक्त भएको पद स्वतः पूर्ति गर्नुपर्नेछ ।

**(२३) क्लब गठनमा लैगिंक समावेशिता कायम गर्नुपर्नेः**

(१) यस कार्यविधि बमोजिम गठन गरिने वडा स्तरीय बालक्लब सञ्जाल तथा गाउँपालिका स्तरीय बालक्लब सञ्जालको कार्यकारी समितिमा सकभर महिला र पुरुषको बराबरी उपस्थितीमा हुने व्यवस्था मिलाउनु पर्नेछ भने अध्यक्ष र सचिव पदमा एक जना महिला र एकजना पुरुषको अनिवार्य सुनिश्चितता मिलाउनुपर्नेछ ।

**अनुसूचि-१**
**(नियम ३ सँग सम्बन्धित )**
**इन्द्रसरोवर गाउँपालिका**
**कुलेखानी, मकवानपुर ।**
**बागमती प्रदेश, नेपाल**
**दर्ताको प्रमाण-पत्र**

**दर्ता नं.-**

इन्द्रसरोवर गाउँपालिका क्षेत्रभित्र बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि "इन्द्रसरोवर गाउँपालिकाको बालक्लब गठन तथा परिचालन कार्यविधि, २०७८" नियम ३ बमोजिम इन्द्रसरोवर गाउँपालिकाको वडा नं. ...मा आफ्नो कार्यक्षेत्र रहने गरी देहाय बमोजिमको **बालक्लब/बालक्लब सञ्जाल** दर्ता गरी प्रमाण-पत्र प्रदान गरिएको छ ।

(क) क्लबको नामः ........................................

(ख) क्लब रहने ठेगानाः इन्द्रसरोवर .............,.................।

द्रष्टव्यः कार्यविधिको नियम (५) बमोजिमको प्रत्येक वर्ष वार्षिक साधारण सभा गरी नियम (३) बमोजिम क्लबको नवीकरण गर्नु पर्दछ ।

क्लब दर्ता गर्ने अधिकारीको नाम, थर र दर्जाः

दस्तखतः

नाम, थरः

दर्जाः

**नवीकरणः**

| **क्र.स.** | **नवीकरण बहाल रहने अवधि** | | **नवीकरण गर्ने गाउँपालिकाको कार्यालयको छाप र हस्ताक्षर** |
|---|---|---|---|
| | **देखी** | **सम्म** | |
| | | | |
| | | | |
| | | | |

आज्ञाले
बलराम लम्साल
प्रमुख प्रशासकीय अधिकृत

इन्द्रसरोवर गाउँपालिका मकवानपुरको बालक्लब गठन तथा परिचालन कार्यविधि -२०७८

मुल्य रु. १०